# विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु उत्थानशील नगर निर्माणको लागि बनेको ऐन, २०७५

प्रस्तावनाः मेलम्ची नगरपालिका भित्र विपद्, जोखिम न्यूनीकरण र जलवायु परिवर्तनको असर कम गर्दै प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वसाधरणको जिउज्यान एवं निजी तथा व्यक्तिगत सम्पति र प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न समग्र नगरको जलवायु अनुकुलन क्षमता विकास र आवश्यक पर्ने क्रियाकलापहरूको समन्वयात्मक र प्रभावकारी रूपमा कार्यान्वयनका लागि कानुन बनाउन वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) तथा नेपालको संविधानको धारा २२६ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी मेलम्ची नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भः- (१) यस ऐनको नाम “विपद्, जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु उत्थानशील नगर निर्माण ऐन, २०७५” हुनेछ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) “कोष” भन्नाले दफा १२ बमोजिमको विपद् जोखिम व्यवस्थापन कोष सम्झनु पर्छ ।

(ख) “गैर प्राकृतिक विपद्” भन्नाले महामारी, अनिकाल, डढेलो, किट वा सुक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, जनावर आतङ्क, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप जिर्णोद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैर प्राकृतिक कारणले उत्पन्न विपद् सम्झनु पर्छ ।

(ग) "जिल्ला विपद् व्यवस्थापन समिति" भन्नाले संघीय ऐनको दफा १६ बमोजिम सिन्धुपाल्चोक जिल्लामा गठन भएको जिल्ला विपद् व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(घ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अर्न्तगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "प्रदेश विपद् व्यवस्थापन समिति" भन्नाले संघीय ऐनको दफा १४ बमोजिम प्रदेश नं ३ मा गठन भएको प्रदेश विपद् व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मेलम्ची नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(छ) "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो, भुस्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, चट्याङ्ग, भुकम्प, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ ।

(ज) "राष्ट्रिय कार्यकारी समिति" भन्नाले संघीय ऐनको दफा ६ बमोजिमको कार्यकारी समितिलाई सम्झनु पर्छ ।

(झ) "राष्ट्रिय परिषद्" भन्नाले संघीय ऐनको दफा ३ बमोजिमको विपद्, जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्लाई सम्झनु पर्छ ।

(ञ) "राष्ट्रिय प्राधिकरण" भन्नाले संघीय ऐनको दफा १० बमोजिमको विपद्, जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई सम्झनु पर्छ ।

(ट) "विपद्" भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भै जन, धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकुल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ ।

(ठ) "विपद् खोज तथा उद्धार" भन्नाले विपद्को अवस्थामा खोजी तथा उद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनको लागि परिचालन गर्न तयार गरिएको विशिष्टीकृत खोज तथा उद्धार समुह सम्झनु पर्छ र सो शब्दले तालिम प्राप्त मानवीय सहायताकर्मीलाई समेत जनाउँछ ।

(ड) "विपद् जोखिम न्यूनीकरण" भन्नाले विपद् पूर्व गरिने जोखिमको विश्लेषण तथा मुल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको

न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्छ ।

(ढ) "विपद् पुनर्लाभ" भन्नाले विपद्को घटना पछि गरिने पुननिर्माण एंव पुनर्स्थापना संग सम्बन्धित कार्य सम्झनु पर्छ ।

(ण) "विपद् प्रतिकार्य" भन्नाले विपद्को घटना घट्नासाथ तत्कालै गरिने खोज, उद्धार एवं राहतसंग सम्बन्धित कार्य सम्झनु पर्छ र सो शब्दले विपद् प्रतिकार्यको पूर्व तयारीलाई समेत जनाउँछ ।

(त) "विपद् व्यवस्थापन" भन्नाले विपद्, जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुर्नलाभसंग सम्बन्धित सम्पूर्ण क्रियाकलापहरू सम्झनु पर्छ ।

(थ) "व्यवसायिक प्रतिष्ठान" भन्नाले उद्योग, कलकारखाना, सिनेमा घर, सपिङ्ग मल, बहुउद्देश्यीय व्यापारिक भवन जस्ता व्यवसायिक प्रतिष्ठान सम्झनु पर्छ ।

(द) "समिति" भन्नाले यस ऐनको दफा ३ बमोजिमको समिति सम्झनु पर्छ ।

(ध) "संघीय ऐन" भन्नाले नेपाल सरकारको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनु पर्छ ।

(न) "संघीय मन्त्रालय" भन्नाले नेपाल सरकारको विपद्, जोखिम न्यूनीकरण तथा व्यवस्थापन हेर्ने गरी तोकिएको मन्त्रालयलाई सम्झनु पर्छ ।

(प) "सार्वजनिक संस्था" भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था, प्रचलित कानून बमोजिम स्थापना भएको संस्था वा सबै प्रकारका स्वास्थ्य तथा शैक्षिक संस्था सम्झनु पर्छ ।

(फ) "जलवायु" भन्नाले कुनै स्थानको लामो समयसम्मको मौसमको औसत अवस्था भन्ने बुझिन्छ । लामो समय भन्नाले कम्तिमा तीस वर्षको अवधिलाई मानिन्छ ।

(ब) "जलवायु परिवर्तन" भन्नाले लामो समयको अन्तराल एवं दीर्घकालीन अवधिमा जलवायुका विभिन्न तत्वहरुमा भएको औसत परिवर्तनलाई जनाउछ ।

## परिच्छेद-२

## स्थानीय विपद् व्यवस्थापन तथा जलवायु उत्थानशील समितीको गठन, तथा काम, कर्तव्य र अधिकार

३. नगर विपद् व्यवस्थापन तथा जलवायु उत्थानशील समिती:- १) नगरपालिका भित्रको जलवायु अनुकलन क्षमता वृद्धि गर्न तथा विपद् व्यवस्थापन सम्बन्धि कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न देहाय बमोजिमको नगरस्तरीय विपद् व्यवस्थापन तथा जलवायु उत्थानशील समिति रहनेछः

| | |
|---|---|
| क) नगरपालिका प्रमुख | अध्यक्ष |
| ख) नगरपालिका उपप्रमुख | उपाध्यक्ष |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) सबै वडाका वडा अध्यक्षहरू | सदस्य |
| ङ) शाखा प्रमुखहरू | सदस्य |
| च) स्थानीय सुरक्षा निकायका प्रमुखहरू | सदस्य |
| छ) जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि | सदस्य |
| ज) राष्ट्रिय मान्यता प्राप्त दलका नगरपालिकास्तरीय प्रतिनिधिहरू | सदस्य |
| झ) नेपाल रेडक्रस सोसाइटीका स्थानीय प्रतिनिधि | सदस्य |
| ञ) नीजि क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि एक जना | सदस्य |
| ट) गैरसरकारी संस्था महासंघका स्थानीय प्रतिनिधि एक जना | सदस्य |
| ठ) नेपाल पत्रकार महासंघको प्रतिनिधि एक जना | सदस्य |
| ड) नगर प्रहरी प्रमुख | सदस्य |
| ढ) विपद् व्यवस्थापन हेर्ने गरी तोकिएको शाखा प्रमुख | सदस्य सचिव |

(२) उपदफा(१) मा जुनसुकै कुरा लेखिएको भएतापनि क्रम संख्या (छ), (ज), (झ), (ञ), (ट), (ठ) र (ड) का सदस्यहरू उपलब्ध नभएको अवस्थामा पनि समिति गठन एवं कार्य संचालन गर्नमा असर पर्ने छैन ।

(३) उपदफा (१) बमोजिमको समितिले संघीय ऐनको दफा १७ बमोजिम विपद् व्यवस्थापन तथा जलवायु उत्थानशील समितिको रूपमा समेत काम गर्नेछ ।

४. <u>समितिको बैठक सम्बन्धी व्यवस्थाः</u> (१) अध्यक्षले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

(२) समितिको सदस्य सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समय भन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(३) समितिका पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा अध्यक्षले जुनसुकै बेला पनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा अध्यक्ष र घटीमा एक जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितीमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको निर्णय बहुमतद्धारा हुनेछ र मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ ।

(७) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) समितिको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ ।

५. <u>समितिको काम, कर्तब्य र अधिकारः</u> समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ः

(क) विपद् ब्यवस्थापन सम्बन्धी राष्ट्रिय परिषद्बाट स्वीकृत नीति तथा योजना एवं राष्ट्रिय कार्यकारी समिति र प्रदेश विपद् ब्यवस्थापन समितिबाट स्वीकृत नीति, योजना र कार्यक्रम अनुरूप हुने गरी नगर जलवायु अनुकुलन तथा विपद् ब्यवस्थापन सम्बन्धी योजना तर्जुमा गरी कार्यपालिका समक्ष पेश गर्ने,

(ख) नगरसभाबाट स्वीकृत नीति तथा योजनाको अधिनमा रही जलवाय अनुकुलन, विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य तथा विपद् पुर्नलाभ सम्बन्धी एकीकृत तथा क्षेत्रगत नीति, योजना तथा कार्यक्रम स्वीकृत गरी लागु गर्ने गराउने,

(ग) नगरपालिकामा संचालन हुने जलवायु अनुकुलन तथा विपद् ब्यवस्थापन सम्बन्धी कार्यक्रम तथा बजेट तयार गर्ने गराउने,

(घ) जलवायु परिवर्तन तथा विपद् ब्यवस्थापनका सम्बन्धमा नगरको संस्थागत क्षमता विकास गर्ने गराउने,

(ङ) नगरपालिकाका पदाधिकारी, कर्मचारी, स्वय्सेवक तथा समुदायलाई विपद् ब्यवस्थापन सम्बन्धी प्रशिक्षण दिने ब्यवस्था मिलाउने,

(च) विपद्का घटना घट्नासाथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरू तत्काल गर्नको लागि संस्थागत संयन्त्र स्वतस्फुर्त परिचालन हुने गरी आवश्यक कार्यविधि तथा मापदण्ड तर्जुमा गरी लागु गर्ने गराउने,

(छ) जलवायु परिवर्तन तथा विपद् ब्यवस्थापनका सम्बन्धमा संघीय तथा प्रादेशिक कानुनको अधिनमा रही सार्वजनिक, नीजि, गैरसरकारी लगायत सबै निकाय तथा संस्थाले निर्वाह गर्नुपर्ने भूमिका निर्धारण गर्ने तथा त्यस्ता संस्था वा निकायलाई आफ्नो नीति, योजना र कार्यक्रममा विपद् ब्यवस्थापन सम्बन्धी विषय समावेश गर्न लगाउने,

(ज) विपद्को समयमा स्थानीय आमसंचारका माध्यमहरूको भूमिका सम्बन्धी आवश्यक मापदण्ड तयार गरी कार्यान्वयन गर्ने गराउने,

(झ) सरकारी, नीजि एवं गैरसरकारी संस्था, स्थानीय स्वयम्सेवक लगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपद् ब्यवस्थापन सम्बन्धी कार्य गर्ने गराउने,

(ञ) भौतिक संरचना निर्माण गर्दा भवन संहिता लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउने,

(ट) स्थानीय सार्वजनिक पूर्वाधार सम्बन्धी संरचनाको विपद् जोखिम मुल्याङ्कन गर्ने गराउने,

(ठ) नदी किनार, बगर, पहिरो जान सक्ने भिरालो जमिन र डुबान हुने क्षेत्र वा विपद् जोखिमको सम्भावना भएका असुरक्षित क्षेत्रमा बसोबास गर्ने व्यक्ति तथा समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गराउन उपयुक्त स्थानको खोजी कार्यमा सहयोग गर्ने तथा सुरक्षित स्थानमा बसोबास सम्बन्धी सचेतना गराउने,

(ड) विपद्बाट स्थानीयस्तरमा नीजि तथा सार्वजनिक क्षेत्रबाट भइरहेको सेवा प्रवाहमा अवरोध आईपरेमा सोको पुनःसंचालनका लागि सेवा निरन्तरताको योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी कार्य गर्ने गराउने,

(ढ) स्थानीय समुदायलाई विपद्प्रति जागरूक बनाउन विपद् संग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्ने तथा विपद्को घटना घट्नासाथ प्रतिकार्यका लागि परिचालित हुन वडा तथा समुदायस्तरमा समावेशी विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने,

(ण) विद्यालय तहको शैक्षिक पाठ्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न पहल गर्ने,

(त) विपद् प्रतिकार्यका लागि नमूना अभ्यास गर्ने गराउने,

(थ) विपद्को समयमा प्रयोग गर्न सकिने गरी वारूणयन्त्र लगायतका अन्य उपकरणहरू तयारी हालतमा राख्ने राख्न लगाउने,

(द) स्थानीयस्तरमा आपत्कालीन कार्य संचालन केन्द्रको स्थापना र संचालन गर्ने,

(ध) नगरपालिकामा विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्व चेतावनी प्रणालीको विकास र संचालन गर्ने गराउने,

(न) विपद् प्रभावित क्षेत्रमा तत्काल उद्धार राहतको व्यवस्था मिलाउने,

(प) विपद्मा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातको तथ्याङ्क अद्यावधिक गर्ने वा गर्ने लगाउने,

(फ) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरण गर्ने गराउने,

(ब) विपद्को समयमा जोखिममा रहेको समूह विशेष गरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्ति उपर हुनसक्ने लैङ्गिक

हिंसा, बेचबिखन अन्य कुनै किसिमका घटना रोकथामको लागि विशेष सर्तकता अपनाई सचेतनामूलक कार्यक्रम संचालन गर्ने गराउने । त्यस्तो कुनै शोषण हुन गएको खण्डमा पीडितको उद्धार तथा संरक्षण र पिडकलाई आवश्यक कानूनी कारबाहीको लागि सिफारिस गर्ने,

(भ) विपद् प्रभावितहरूको प्रत्यक्ष र सक्रिय सहभागितामा विपद् प्रभावित क्षेत्रमा आर्थिक क्रियाकलापको पुर्नस्थापना, रोजगारीका अवसरको श्रृजना तथा जीवनयापनका लागि आय आर्जन कार्यक्रम संचालन गर्ने गराउने,

(म) विपद्को जोखिममा रहेका महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सीमान्तकृत वर्ग तथा समुदाय, अशक्त तथा अपाङ्गता भएका ब्यक्तिहरूको लागि विशेष योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने गराउने,

(य) विपद् ब्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा ब्यवसायिक प्रतिष्ठानले प्रचलित ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने,

(र) विपद् ब्यवस्थापन सम्बन्धी राष्ट्रिय कार्यकारी समिति, प्रदेश विपद् ब्यवस्थापन समिति तथा जिल्ला विपद् ब्यवस्थापन समितिको निर्णय अनुसार विपद् ब्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने गराउने,

(ल) विपद् ब्यवस्थापनका सम्बन्धमा संघीय सरकार तथा प्रदेश सरकारका मन्त्रालय, विभाग तथा अन्य निकायसंग सहकार्य गर्ने,

(व) विपद्मा परी मृत्यु तथा घाइते र अपाङ्ग भएका ब्यक्ति एवं भौतिक क्षतिहरूको एकीन तथ्याङ्क राख्ने, राख्न लगाउने,

(स) विपद् ब्यवस्थापनको लागि कोष संचालन तथा राहत वितरण गर्ने गर्न लगाउने,

(ष) विपद् जोखिम सन्निकट्ताउन्मुख क्षेत्र, समुदाय र समूहको पहिचान गर्ने र सो सम्बन्धी तथ्याङ राख्ने, राख्न लगाउने,

(श) विपद् ब्यवस्थापन तथा जलवायु अनुकुलनको लागि आवश्यक साधन श्रोतको लागि अन्य पालिकाहरूसंग समन्वय गर्ने गराउने,

## परिच्छेद-३

## वडास्तरीय विपद् तथा जलवायु उत्थानशील समितिको गठन तथा काम, कर्तव्य र अधिकार

६. वडा विपद् तथा जलवायु उत्थानशील समितिः (१) नगरपालिकाको प्रत्येक वडामा देहाय बमोजिमको वडास्तरीय विपद् तथा जलवायु उत्थानशील समिति रहनेछः

| | |
|---|---|
| (क) वडा अध्यक्ष | संयोजक |
| (ख) वडा सदस्यहरू | सदस्य |
| (ग) वडा भित्र रहेका इकाई कार्यालयका प्रमुखहरू | सदस्य |
| (घ) वडा भित्र रहेका सुरक्षा निकायका प्रमुखहरू | सदस्य |
| (ङ) राष्ट्रिय मान्यता प्राप्त दलका वडा स्थित प्रमुख वा प्रतिनिधी | सदस्य |
| (च) स्थानीय रेडक्रसका प्रमुख वा प्रतिनिधी | सदस्य |
| (छ) गैरसरकारी तथा समुदायमा आधारित संघ संस्था तथा यूवा क्लबबाट संयोजकले तोके बमोजिम न्यूनतम दुई महिला सहित चार जना | सदस्य |
| (ज) वडा सचिव | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको सदस्य सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा चौवीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(४) समितिका पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि सो समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा संयोजकले जुनसुकै बेलापनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा संयोजक र घटीमा एक जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

(६) समितिको बैंठकको अध्यक्षता समितिको संयोजकबाट हुनेछ । संयोजकको अनुपस्थितीमा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(७) समितिको निर्णय बहुमतद्धारा हुनेछ र मत बराबर भएमा संयोजकको मत निर्णायक हुनेछ ।

(८) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधी र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधी समितिले निर्धारण गरे बमोजिम हुनेछ

(१०) समितिको निर्णय संयोजकबाट प्रमाणित हुनेछ ।

७. <u>वडास्तरीय विपद् तथा जलवायु उत्थानशील समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः</u>

(क) वडा भित्र विपद् प्रतिकार्य तथा विपद् पुर्नलाभ सम्बन्धी कार्यक्रम संचालनका लागि नगर विपद् ब्यवस्थापन तथा जलवायु उत्थानशील समितिमा सिफारिस गर्ने तथा सो समितिबाट स्वीकृत नीति तथा योजना अनुरूप विपद् तथा जलवायु अनुकुलन कार्यक्रम कार्यान्वयन, अनुगमन र पुनरावलोकन गर्ने गराउने,

(ख) वडामा विकास निर्माणका क्रियाकलापहरू कार्यान्वयनमा विपद् जोखिम ब्यवस्थापनलाई मुलप्रवाहीकरण गर्ने, सुरक्षित विद्यालय तथा अस्पतालका लागि विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरू संचालन गर्ने गराउने,

(ग) विपद् ब्यवस्थापनका सम्बन्धमा वडाको संस्थागत क्षमता विकास गर्ने गराउने,

(घ) विपद् ब्यवस्थापन योजना, आपत्कालीन कार्ययोजना, पर्नुस्थापना तथा पुर्ननिर्माण योजना तर्जुमा तथा कार्यान्वयन गर्ने गराउने,

(ङ) समुदायमा जलवायु अनुकुलन तथा विपद् ब्यवस्थापन सम्बन्धी काम गर्ने समुहहरूको गठन गर्ने तथा त्यस्ता समुहहरूलाई परिचालन गर्ने गराउने,

(च) वडा कर्मचारी, स्वयम्सेवक तथा समुदायमा आधारित विपद् तथा जलवायु उत्थानशील समितिका सदस्य, नागरिक समाजका प्रतिनिधिलाई विपद् ब्यवस्थापन सम्बन्धी प्रशिक्षणको ब्यवस्था मिलाउने,

(छ) स्थानीय समुदायलाई जलवायु परिवर्तन तथा विपद्प्रति जागरूक बनाउने, विपद्संग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना घट्नासाथ प्रतिकार्यका लागि तयारी अवस्थामा राख्ने,

(ज) विपद्का घटना घट्नासाथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरू तत्काल गर्नको लागि समन्वय गर्ने,

(झ) आपत्कालीन नमुना अभ्यास गर्ने गराउने,

(ञ) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरणमा नगर विपद् व्यवस्थापन तथा जलवायु उत्थानशील समितिलाई सहयोग गर्ने,

(ट) विपद्को समयमा जोखिममा रहेका समुह विशेष गरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्ति उपर हुन सक्ने लैङ्गिक हिंसा, बेचबिखन तथा अन्य कुनै पनि किसिमको घटना रोकथामको लागि विशेष सर्तकता अपनाई सचेतनामूलक कार्यक्रम संचालन गर्ने, गराउने । कुनै घटना घटेको खण्डमा पिडितको उद्धार र संरक्षण तथा पिडकलाई कानूनी कार्वाहीको लागि सिफारिस गर्ने,

(ठ) विपद् व्यवस्थापनको लागि आवश्यक कोष संकलन तथा प्रभावकारी वितरण गर्ने गराउने,

(ड) राहत संकलन तथा न्यायोचित वितरण गर्ने गराउने,

(ढ) विपद् व्यवस्थापन तथा जलवायु अनुकुलनको लागि आवश्यक साधन श्रोतको लागि समितिले अन्य वडाहरूसंग समन्वय गर्ने गराउने,

(ण) नगर विपद् व्यवस्थापन तथा जलवायु उत्थानशील समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने गराउने ।

## परिच्छेद-४

## सुरक्षा निकाय तथा अन्य निकायको परिचालन

८. सुरक्षा निकायको परिचालन तथा सहयोग र समन्वयः (१) नगर कार्यपालिकाले विपद् व्यवस्थापनको काममा संघीय तथा प्रादेशिक सुरक्षा निकायहरूलाई सहयोग र समन्वय गर्नेछ ।

(२) सुरक्षा निकायले विपद्को समयमा खोज तथा उद्धार कार्यका लागि नगरपालिकासंग आवश्यक सामाग्री माग गरेको अवस्थामा नगरपालिकामा उपलब्ध भएसम्म त्यस्तो सामाग्री तत्काल उपलब्ध गराउनु पर्नेछ ।

(३) विपद् प्रतिकार्यका लागि नगरपालिकाले आँफूसँग रहेको नगर प्रहरीलाई परिचालन गर्न सक्नेछ ।

९. वारूणयन्त्र तथा अन्य सेवा प्रदायक निकायको काम, कर्तब्य र अधिकारः

(१) वारूणयन्त्र, एम्बुलेन्स तथा त्यस्तै अन्य सेवा प्रदायकले समितिले दिएको निर्देशन अनुसार आपत्कालीन खोज तथा उद्धार सेवा र राहत उपलब्ध गराउनु पर्नेछ ।

(२) आपत्कालीन कार्य सम्पादन गर्दा समितिको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै ब्यक्ति वा संस्थाको साधन श्रोत उपयोग गर्ने अधिकार वारूणयन्त्र तथा सम्बन्धित अन्य सेवा प्रदायक निकायलाई हुनेछ ।

१०. सार्वजनिक संस्था तथा ब्यवसायिक प्रतिष्ठानको दायित्वः (१) विपद् ब्यवस्थापन सम्बन्धमा नगरपालिका भित्रका सबै सार्वजनिक संस्था तथा ब्यवसायिक प्रतिष्ठानको दायित्व देहाय बमोजिम हुनेछ ः

(क) आफ्नो भवन, उद्योग, कार्यालय वा ब्यवसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद् सुरक्षा औजार, उपकरण, सामाग्री, आपत्कालीन निकास लगायत तोकिए बमोजिमका अन्य ब्यवस्था गर्ने,

(ख) तथ्याङ्क संकलन, क्षतिको मुल्याङ्कन, राहत, पुर्नस्थापना तथा पुर्ननिर्माण समेतका सम्पूर्ण कार्यमा आवश्यक सहयोग गर्ने,

(ग) आफ्ना कर्मचारी तथा कामदारलाई विपद् ब्यवस्थापन सम्बन्धमा आधारभुत अभिमुखीकरण गर्ने गराउने,

(घ) विपद् व्यवस्थापन कार्यमा उपयोग हुने श्रोत साधनलाई तयारी हालतमा राख्ने,

(ङ) आफ्ना भवन लगायत अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा आदेशानुसार उपलब्ध गराउने,

(च) सम्बन्धित अधिकारीको सुपरीवेक्षणमा उद्धार तथा राहत वितरण कार्यमा सहयोग पुऱ्याउने,

(छ) विपद् जोखिम न्यूनीकरण संयन्त्रको व्यवस्था गरी तयारी अवस्थामा राख्ने,

(ज) फोहोरमैला तथा प्रदुषणको यथोचित व्यवस्थापन गरी यसबाट वातावरण र जनजीवनमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने उपायहरू अपनाउने,

(झ) विपद्को घटना घटेमा तत्काल नजिकको सुरक्षा निकाय र स्थानीय आपत्कालीन कार्य संचालन केन्द्रलाई खबर गर्ने,

(२) नगरपालिका भित्रका सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानले नगरपालिकाको विपद् व्यवस्थापन सम्बन्धी योजनाको अधिनमा रही विपद् व्यवस्थापन योजनाको तर्जुमा गरी अनिवार्य रूपमा लागु गर्नु पर्नेछ ।

११. <u>विपद् व्यवस्थापनमा सहयोग गर्नु पर्नेः</u> नगरपालिका भित्रका सरकारी कार्यालय, गैरसरकारी संस्था, स्थानीय संघ संस्था, समुदाय, स्वयंसेवक, नागरिक समाज, नीजि क्षेत्र तथा व्यक्तिले विपद् व्यवस्थापन कार्यमा नगरपालिकालाई देहाय बमोजिम सहयोग गर्नु पर्नेछ ः

(क) तथ्याङ्क संकलन, क्षतिको मुल्याङ्कन, राहत, पुर्नस्थापना तथा पुर्ननिर्माण लगायतका विपद् व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग गर्ने,

(ख) विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,

(ग) क्षमता विकास, आपत्कालीन नमूना अभ्यास तथा विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षण कार्यक्रममा सहयोग गर्ने तथा भाग लिने,

(घ) खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यमा सहयोग गर्ने ।

## परिच्छेद - ५

## विपद् जोखिम व्यवस्थापन कोष सम्बन्धी व्यवस्था

१२. विपद् जोखिम व्यवस्थापन कोषः (१) विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशील नगर निर्माणको लागि एक नगरपालिकामा छुट्टै विपद् जोखिम व्यवस्थापन कोष रहनेछ ।

(२) कोषमा देहाय बमोजिमका रकम रहने छन् :

(क) नगरपालिकाको वार्षिक बजेटबाट विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने गरी स्वीकृत रकम,

(ख) प्रदेश सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

(ग) संघीय सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

(घ) विपद् व्यवस्थापनको लागि स्वदेशी कुनै संघ, संस्था वा व्यक्तिबाट दान, दातव्य वा उपहार स्वरूप प्राप्त रकम,

(ङ) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(३) विपद् व्यवस्थापनका लागि नगरपालिकाले कानून बमोजिम विशेष शुल्क वा दस्तुर संकलन गर्न सक्नेछ ।

(४) कोषको संचालन तोकिए बमोजिम हुनेछ ।

(५) कोषको रकम विपद् व्यवस्थापन सम्बन्धी कामका लागि प्रयोग गर्नुपर्नेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि कोषको रकम नियमित प्रशासनिक कार्यको लागि खर्च गर्न पाइने छैन ।

(७) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(८) समितिले कोषको वार्षिक आय व्ययको प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत नगरसभा समक्ष पेश गर्नेछ ।

## परिच्छेद -६

## आर्थिक सहायता

१३. विपद् व्यवस्थापन कोषबाट आर्थिक सहायता उपलब्ध गराउन सकिनेः

(१) गम्भिर प्रकृतिका रोग भनी नेपाल सरकारद्धारा निर्धारण गरे मध्येको कुनै रोग लागि उपचारमा समस्या भएका व्यक्ति तथा परिवारलाई आर्थिक सहायता वापत नगर प्रमुखले बढीमा रू ५०,०००।- सम्म उपलब्ध गराउन सक्नेछ ।

(२) दैवी प्रकोप वा दुर्घटनामा पर्नेहरूलाई उद्धार, उपचार, सत्‌गत वा काजक्रिया खर्च वापत नगर प्रमुखले बढीमा रू २५,०००।- सम्म उपलब्ध गराउन सक्नेछ ।

(३) नगरपालिका क्षेत्रभित्र वेवारिसे अवस्थामा फेला परेका घाइते अवस्थाका व्यक्तिलाई तत्काल उपचारमा राहत स्वरूप नगर प्रमुखले बढीमा रू १०,०००।- सम्म उपलब्ध गराउन सक्नेछ ।

(४) नगरपालिका क्षेत्रभित्र मृत अवस्थाका वेवारिसे लास सत्‌गत गर्न नगर प्रमुखले तत्काल आवश्यक रकम बढीमा रू ५,०००।- सम्म उपलब्ध गराउन सक्नेछ ।

(५) स्वदेश तथा विदेशमा रहने कुनै व्यक्ति वा संस्थाले कुनै दुर्घटना वा विपद्‌मा परेका व्यक्ति वा परिवारलाई सहयोग गर्ने उद्देश्यले कोषमा प्राप्त हुने रकम सोही व्यक्ति वा परिवारलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद -७

## कसूर तथा सजाय

१४. कसूर तथा सजायः नगरपालिका भित्र कसैले विपद्‌को घटना घट्‌न सक्ने गरी लापरवाही गरेमा वा त्यस्तो घटना घटाउन प्रत्यक्ष वा अप्रत्यक्ष संलग्न भएमा वा घटना घटेको अवस्थामा नाजायज फाइदा लिने गरी वा आफूलाई मात्र फाइदा पुग्ने गरी कुनै काम गरेमा वा यस सम्बन्धमा संघीय कानून बमोजिम कसुरजन्य मानिने कुनै काम गरेमा प्रचलित संघीय ऐन बमोजिम कारवाही हुनेछ ।

## परिच्छेद-८

## विविध

१५. विपद् संकटग्रस्त क्षेत्र घोषणाको पालना र समन्वयः (१) नगरपालिका भित्रको कुनै ठाँउमा गम्भिर प्रकृतिको विपद् उत्पन्न भएबाट विपद् संकटग्रस्त क्षेत्र घोषणा गरी प्रचलित कानून बमोजिम कुनै काम गर्न गराउन संघीय सरकारले आदेश दिएमा सोको पालना गर्नु गराउनु नगरपालिकाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्रमा संघीय सरकारले प्रचलित कानून बमोजिम कुनै काम गर्न गराउन नगरपालिका भित्रको कुनै व्यक्ति, संस्था वा अधिकारीलाई आदेश दिएमा सोको पालना गर्न गराउनमा नगरपालिकाले आवश्यक समन्वय गर्नेछ ।

(३) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्र सम्बन्धी सूचनाको प्रशारणमा नगरपालिकाले सहयोग र समन्वय गर्नेछ ।

१६. संघीय सरकारको स्वीकृतीमा मात्र प्रवेश गर्नुपर्नेः (१) विपद्बाट असर परेको कुनै क्षेत्रमा विदेशी नागरिक वा संस्थाले प्रवेश गर्नु परेमा संघीय सरकारको स्वीकृती लिएको छ छैन भनी नगरपालिकाले सोधखोज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सोधखोज गर्दा त्यस्तो नागरिक वा संस्थाले संघीय सरकारको स्वीकृती लिएको नदेखिएमा निजलाई प्रवेशमा रोक लगाई तत् सम्बन्धी सूचना संघीय सरकारलाई उपलब्ध गराउनु पर्नेछ ।

१७. मानवीय तथा अन्य सहायता र समन्वयः (१) नगरपालिका भित्र उत्पन्न विपद्को अवस्थालाई तत्काल सामना गर्न आन्तरिक श्रोत र साधनबाट नभ्याउने भएमा नगरपालिकाले मानवीय तथा अन्य सहायता र समन्वयका लागि जिल्ला समन्वय समिति, प्रदेश सरकार तथा संघीय सरकारलाई अनुरोध गर्न सक्नेछ ।

(२) विपद्बाट उत्पन्न स्थिती नियन्त्रण गर्ने क्रममा संघीय सरकारले अन्तर्राष्ट्रिय मानवीय तथा अन्य सहयोग लिई परिचालन गरेको अवस्थामा तत् सम्बन्धी कार्यमा नगरपालिकाले सहयोग र समन्वय गर्नु पर्नेछ ।

(३) छिमेकी स्थानीय तहमा कुनै विपद् उत्पन्न भई सो व्यवस्थापनका लागि अनुरोध गरेमा उपलब्ध भएसम्मको सहयोग गर्नु नगरपालिकाको कर्तव्य हुनेछ ।

१८. तत्काल खरिद तथा निर्माण र प्रयोग गर्न सकिनेः (१) विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भईरहेको विपद्बाट थप क्षति हुन नदिनका लागि तत्कालै राहत सामाग्री खरिद वा निर्माण कार्य गर्न आवश्यक भएमा नगरस्तरीय विपद् व्यवस्थापन समितिको सिफारिसमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनमा रहेको विशेष परिस्थितीमा खरिद गर्ने सम्बन्धी व्यवस्था बमोजिम नगर कार्यपालिकाले खरिद वा निर्माण कार्य गर्न स्वीकृति दिन सक्नेछ ।

(२) विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भईरहेको विपद्बाट थप क्षति हुन नदिनका लागि नगरपालिका क्षेत्र भित्रको कुनै गैरसरकारी कार्यालय वा अन्य संघ, संस्था र व्यक्तिको चल, अचल सम्पत्ति तथा सवारी साधन उपयोग गर्न आवश्यक भएमा सोको अभिलेख राखी तोकिएको अवधिभरको लागि अस्थायी तवरले प्राप्त गर्न सक्नेछ ।

(३) विपद्बाट प्रभावित क्षेत्रमा तत्काल राहत उपलब्ध गराउन नगरपालिका क्षेत्र भित्रको कुनै गैरसरकारी कार्यालय वा अन्य संघ, संस्था वा व्यक्तिको खाद्यान्न, लत्ताकपडा, औषधी वा अन्य बस्तु आवश्यक भएमा सोको अभिलेख राखी नियन्त्रणमा लिन र सम्बन्धित प्रभावित पक्षलाई वितरण गर्न सक्नेछ ।

(४) नगरपालिकाले उपदफा (२) बमोजिम कुनै सम्पत्ति अस्थायी रूपमा प्राप्त गरेमा वा उपदफा (३) बमोजिम कुनै बस्तु नियन्त्रण र वितरण गरेमा त्यस्तो सम्पत्ति प्रयोग वा बस्तु उपयोग वापत प्रचलित दर अनुसारको रकम सम्बन्धित कार्यालय, संस्था वा व्यक्तिलाई दिनु पर्नेछ ।

१९. राहतको न्यूनतम मापदण्ड सम्बन्धी व्यवस्थाः (१) विपद् प्रभावित व्यक्तिलाई संघीय सरकार तथा प्रदेश सरकारले उपलब्ध गराउने राहतको अतिरित्त नगरपालिकाले आन्तरिक श्रोतबाट थप राहत उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले विपद् प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउँदा मापदण्ड बनाई सोको आधारमा राहत उपलब्ध गराउनेछ ।

(३) उपदफा (२) बमोजिमको मापदण्डमा अन्य विषयको अतिरित्त देहायका विषय समावेश भएको हुनु पर्नेछ ः

(क) विपद्बाट प्रभावित व्यक्तिलाई अस्थायी आश्रयस्थलमा राख्दा उपलब्ध गराउनु पर्ने आवास, खाद्यान्न, खानेपानी, स्वास्थ्य तथा सरसफाई,

(ख) विपद्बाट मृत्यु हुनेको परिवारका सदस्य तथा सम्पत्ति क्षति हुने व्यक्तिलाई उपलब्ध गराउनु पर्ने न्यूनतम राहत,

(ग) सुत्केरी महिला, किशोरी, बालबालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिको आवश्यकता संवोधनका लागि विशेष राहतका प्याकेज,

(घ) व्यक्तिगत गोपनियता तथा सुरक्षा,

(ङ) न्यूनतम राहत बाहेक स्वरोजगार तथा रोजगारी व्यवस्थापनका माध्यमबाट पीडितको जीविकोपार्जन,

(च) गैरसरकारी वा  व्यक्तिगत रूपमा उपलब्ध गराइने राहतको वितरण,

(छ) एकद्वार प्रणाली अनुरूप राहत वितरण गर्ने,

(ज) राहतसंग सम्बन्धित अन्य उर्पयुक्त विषय ।

२०. विपद्मा परी हराएका वा नष्ट भएका कागजात सम्बन्धमा ः विपद्मा परी हराई फेला पार्न नसकेका तथा आंशिक वा पूर्ण रूपमा क्षति भएका नगरपालिकाका महत्वपूर्ण कागजातहरूको प्रमाणीकरण तथा प्रतिलिपी उपलब्ध गराउने सम्बन्धी व्यवस्था प्रचलित कानूनले तोके बमोजिम हुनेछ ।

२१. निर्देशन दिन सक्ने ः समितिले यस ऐनको अधिनमा रही विपद् व्यवस्थापनका लागि कुनै व्यक्ति वा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ ।

२२. उपसमिति गठन गर्न सक्नेः (१) समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य र अधिकार उपसमिति गठन गर्दाका बखत तोकिए बमोजिम हुनेछ ।

२३. अभिलेख राख्नु पर्नेः (१) विपद्को समयमा राहत उपलब्ध गराउने व्यक्ति, निकाय वा संस्थाको नाम र उपलब्ध गराइएको राहत तथा सोको परिमाण सहितको विवरणको अभिलेख राख्ने व्यवस्था समितिले मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेख राख्दा विपद्मा परेका महिला, बालबालिका तथा जेष्ठ नागरिक, विपद्का कारण स्थानान्तरण भएका घरपरिवार लगायतको संख्या एकिन हुने विवरण र उनीहरूलाई उपलब्ध गराइएको राहतको अभिलेख स्पष्ट रूपमा राख्ने व्यवस्था समितिले मिलाउनु पर्नेछ ।

२४. पुरस्कार र सम्मानः स्थानीय विपद् व्यवस्थापनका सम्बन्धमा विशेष योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई नगरपालिकाले पुरस्कृत तथा सम्मान गर्न सक्नेछ ।

२५. वार्षिक प्रतिवेदनः (१) समितिले विपद् व्यवस्थापन सम्बन्धमा प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत नगरसभा, जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ ।

२६. प्रशासनिक खर्च व्यवस्थापनः समितिको बैठक तथा प्रतिवेदन तयारी लगायतका कार्यसंग सम्बन्धित प्रशासनिक खर्च कार्यपालिकाले व्यवस्था गर्नेछ ।

२७. अधिकार प्रत्यायोजनः यस ऐन तथा यस अर्न्तगत बनेको नियम बमोजिम समितिलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक वा तोकिएको पदाधिकारीलाई समितिले प्रत्यायोजन गर्न सक्नेछ ।

२८. नियम बनाउन सक्नेः नगर कार्यपालिकाले यो ऐन कार्यान्वयनका लागि आवश्यकता अनुसार नियम, निर्देशिका वा कार्यविधी बनाई लागु गर्न सक्नेछ ।

२९. खारेजी तथा वचाउः यस ऐन लागु हुनु पूर्व विपद् व्यवस्थापन सम्बन्धमा नगर कार्यपालिकाबाट भए गरेका निणर्य तथा कार्यहरू यसै ऐन अनुसार भए गरेको मानिनेछ ।

प्रमाणीकरण मितिः २०७५ साल पुष २६ गते

आज्ञाले,
देवी प्रसाद थपलिया
प्रमुख प्रशासकीय अधिकृत
मेलम्ची नगरपालिका